बागमती प्रदेश सभा

दोस्रो कार्यकाल

छैठौं अधिवेशन

बैठक संख्या: १५

सूचना पत्र -२

(बैठकको कारवाही संक्षिप्त विवरण)

२०८२ असार २० गते, शुक्रवार

बागमती प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा बिहान ११:४३ बजे प्रारम्भ भयो।

त्यसपछि माननीय सभामुखले आजको बैठकमा शुन्य समय र विशेष समय नरहने व्यहोरा जानकारी गराउँनुभयो ।

त्यसैबिच रा.प्र.पा संसदीय दलका माननीय सदस्यहरु आसन अगाडी उभिनु भएपछि माननीय सभामुखले माननीय उद्धव थापालाई बोल्न समय दिनुभएपछि उहाँले बजेट जनमैत्री नभएको, जनताको करबाट बनेको बजेटले जनताको भावनाको प्रतिनिधित्व गर्न नसकेको, जनता सँग जोडिएको बजेट समानुपातिक समावेशी नभएको प्रमाणित भएको भन्दै सरकारले संशोधन गर्न प्रतिपबद्धता गरेको हुदाँ जनताको माग पुरा हुने गरि संशोधन होस् भन्ने जोड्दार माग गर्दै आफ्नो बिचार राख्नुभयो ।

तत्पश्चात माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दनराज काफ्लेले वक्तव्य सहित "आर्थिक वर्ष २०८२/०८३ को राजस्व र व्ययको वार्षिक अनुमान(बजेट) माथि सभामा सामान्य छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्नुभयो।

त्यसपछि माननीय सभामुखले "आर्थिक वर्ष २०८२/०८३ को राजस्व र व्ययको वार्षिक अनुमान(बजेट)" माथिको छलफल प्रारम्भ गर्नुहुँदा उक्त छलफलमा देहायका माननीय सदस्यहरुले भाग लिनुभई आ-आफ्ना भनाई राख्नुभयो ।

१. माननीय सुरेन्द्रराज गोसाई
२. माननीय युवराज दुलाल
३. माननीय लक्ष्मण लम्साल
४. माननीय प्रभात तामाङ्ग
५. माननीय गिर बहादुर तामाङ्ग
६. माननीय तारानारायण श्रेष्ठ
७. माननीय रामकृष्ण चित्रकार
८. माननीय मायादेवी शर्मा
९. माननीय ॐ कुमारी श्रेष्ठ
१०. माननीय डा.दिनेशचन्द्र देवकोटा
११. माननीय सृजना सायजु
१२. माननीय बसन्त प्रसाद मानन्धर
१३. माननीय मिना पराजुली पोखरेल
१४. माननीय इन्द्र प्रसाद गोतामे
१५. माननीय सरल सहयात्री पौडेल
१६. माननीय शान्ता ढकाल
१७. माननीय प्रेम बहादुर पुलामी
१८. माननीय कुमारी तामाङ्ग
१९. माननीय शुष्पा भुजेल न्यौपाने
२०. माननीय राम प्रसाद ढुङ्गाना
२१. माननीय युवराज चौलागाई
२२. माननीय आशा लामा
२३. माननीय ठाकुर प्रसाद ढकाल
२४. माननीय उर्मिला कुमारी लामा
२५. माननीय रमेश कुमार महत
२६. माननीय रत्न प्रसाद ढकाल

यसैबिच माननीय रामकृष्ण चित्रकारले बोलिसकेपछि माननीय आशा लामाले माननीय तारानारायण श्रेष्ठले छलफलमा भाग लिदा तामाङ्ग समुदायलाई होच्याउने किसिमको अभिव्यक्ति दिनुभएकोले सो कुरा रेकर्डबाट हटाउन माग गर्नुभयो ।

त्यसपछि माननीय सभामुखले सभाको यो बैठक आजै २० मिनेट पछि बस्ने गरी दिनको ४:२६ बजे स्थगित गर्नुभयो ।

तदुपरान्त माननीय सभामुखले २० मिनेटका लागि स्थगित सभाको कारबाही दिनको ५:२९ बजे प्रारम्भ गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दनराज काफ्लेलाई आर्थिक वर्ष २०८२/०८३ को राजस्व र व्ययको वार्षिक अनुमान(बजेट) माथिको छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनुहुँदा माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो।

त्यसपछि माननीय सभामुखले आर्थिक वर्ष २०८२/०८३ को राजस्व र व्ययको वार्षिक अनुमान(बजेट) माथिको छलफल समाप्त भएको व्यहोरा जानकारी गराउँनु भयो।

तत्पश्चात माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दनराज काफ्लेले आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ लाई अनुमती माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि माननीय सभामुखले प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमती माग्ने प्रस्तावमाथि कुनै पनि माननीय सदस्यको विरोधको सूचना प्राप्त नभएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम(२) बमोजिम आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ लाई प्रस्तुत गर्न अनुमति प्राप्त भएको घोषणा गर्नुभयो।

तत्पश्चात माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दनराज काफ्लेले **"आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२"** प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम (५) बमोजिम सभा समक्ष पेस गर्नुभयो।

तदनन्तर प्रदेश सभाको अर्को बैठक मिति २०८२ साल असार २१ गते शनिबार, दिउँसो १:०० बजे बस्ने गरी यो बैठक बेलुकाको ५:४३ बजे स्थगित भयो।

(रामकुमार पौडेल)
सचिव